# मेन्छयायेम गाउँपालिकाको आर्थिक ऐन २०७४

गाउँसभा बाट स्वीकृत मितिः–२०७४।११।२९

मेन्छयायेम गाउँपालिका

तेह्रथुम

१

नं. प्रदेश, नेपाल

# मेन्छयायेम गाउँपालिका आर्थिक ऐन २०७४

## मेन्छ्यायेम गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको ऐन

**प्रस्तावनाः मेन्छ्यायेम गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमत्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले,**

नेपालको संविधानको धारा २८८ को उपधारा(२) बमोजिम मेन्छयायेम गाउँसभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७४” रहेको छ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि  मेन्छयायेम गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

**२.सम्पत्ति कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

**३. भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

**४. घर बहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तबरले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ।

**५. व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचिलत कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता बस्तुको व्यवसायिकक कारोबार गरेबापत अनुसूचि (५) बमोजिम कर लगाइने र असूल उपर गरिनेछ।

**७. सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**८. विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**९. मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्क** : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१२ ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय सञ्चालन गरेबापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३ सेवा शुल्क, दस्तुर** : गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१५. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**१६. कर तथा शुल्क संकलन सम्बन्धित कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धित कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**१७. खारेजी र वचाउ :** यस अघि संकलन गरिएको गाउँपालिकाको आन्तरिक आय रकम यसै **ऐन** वमोजिम भएको मानिने छ ।

**अनुसुची :१**

ऐनको दफा २ सम्वन्धित

**१ सम्पती कर** : यस गाउँपालिकामा २०७५ साल श्रावण १ वाट एकिकृत सम्पती कर लागु गर्ने । यस गाउँपालिका क्षेत्र भित्र रहेका घर जग्गाको दररेट अनुसार भौतिक संरचनाको मुल्याङ्कन गरि प्राप्त हुने मुल्यवाट तोकिएको वर्गीकरण अनुसारको संरचनाको आयुको आधारमा निर्धारिण रकममा ह्रास कट्टी घटाई वाँकी रहन आउने भैतिक संरचनाको मुल्य र जग्गाको मुल्यमा जोडेर हुन आउने एकमुष्ठ कुल कर योग्य मुल्याङ्कनमा एकिकृत सम्पती कर लागु हुनेछ । यो कर यस गाउँपालिका भित्र रहेको सर्म्पुण जग्गा र त्यसमा वनेको भौतिक संरचनाको एकमुष्ठ हुन आउने कर योग्य मुल्यमा लगाईने र असुल उपर गरिने छ ।

**(क) जग्गा तर्फ**

मालपोत कार्यालय वाट प्रतिवर्ष रजिष्ट्रेसन प्रयोजनार्थ निर्धारित जग्गाको मूल्यमा ५० देखी ७५ प्रतिसत कयम गर्ने ।

**(ख) घर तर्फ**

क) आर.सि.सि पक्कीघर प्रति वर्गफिट रु ०.५ र ह्रास कट्टी प्रतिवर्ष १० प्रतिसत

ख) आर.सि.सि पक्कीघर जस्ता छानाको घर प्रति वर्गफिट रु ०.३ । ह्रास कट्टी प्रतिवर्ष ११ प्रतिसत

ग) ढुङ्गा माटो को जोडाई भएको टिन र टायल को छाना भएको कच्ची घररु २०० । ह्रास कट्टी प्रतिवर्ष १० प्रतिसत

घ) ढुङ्गा माटो को जोडाई भएको फुसको छाना भएको कच्ची घररु २०० । ह्रास कट्टी प्रतिवर्ष १० प्रतिसत

ङ) तला नथापेका टहरे घर रु १००

**एकिकृत सम्पनी करको दर**

| क सं. | कर योग्य सम्पतिको मूल्य | | | **आ.व. ०७४।७५** | कैफियत |
|---|---|---|---|---|---|
| | देखी | सम्म | | दर रेट | |
| १ | १ | २५०००० | | २५ | |
| २ | २५०००१ | ५००००० | | ५० | |
| ३ | ५०००01 | १०००००० | | १०० | |
| ४ | १००००0१ | १५००००० | | २५० | |
| ५ | १५०००0१ | २०००००० | | ३०० | |
| ६ | २०००००१ | २५००००० | | ५०० | |
| ७ | २५०००0१ | ३०००००० | | ७५० | |
| ८ | ३००००0१ | ४०००००० | | १२०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | ४००००01 | ४५००००० | | १६०० | |
| १० | ४५०००01 | ५०००००० | | २००० | |
| ११ | ५००००01 | ७५००००० | | ४००० | |
| १२ | ७५०००01 | १०००००००० | | ८००० | |
| १३ | १००००००01 | १२५००००० | | १२००० | |
| १४ | १२५००००01 | १५०००००० | | १५००० | |
| १५ | १५००००००1 | १७५००००० | | १८००० | |
| १६ | १७५०००01 | २००००००० | | २१००० | |
| १७ | २००००००01 | २५०००००० | | २५००० | |
| १८ | २५०००००01 | ३०००००००० | | २७००० | |
| १९ | ३००००००01 | ३५०००००० | | २९००० | |
| २० | ३५०००००01 | ४००००००० | | ३१००० | |
| २१ | ४००००००01 | ४५०००००० | | ३३००० | |
| २२ | ४५०००००01 | ५००००००० | | ३५००० | |
| २३ | ५००००००01 | मथि | | २ रुपैयाँ प्रति हजार | |

माथी उल्लेख हुन छुट भएका तथा नयां ट्र्याक खोलीएका सडक संग जोडिएका ३० मिटर दायां वायांको जग्गाको मूल्यांकन सम्वन्धित व्यक्तिको घोषणा, गाउँपालिकाको कार्यलयको प्राविधिक शाखा तथा राजश्व शाखाको सिफारिसमा गाउँ कार्य पालिका को स्विकृत भए अनुरुप कायम हुने छ। साथै उल्लेखित क्षेत्र बाहेकका अन्य जग्गालाई पाखाबारी, खेतियोग्य जमिन मानि प्रति रोपनी रु २५,००० ।- मुल्यांकन हुने ।

**अनुसुची २**

ऐनको दफा ३ सम्वन्धित

**३ भुमीकर (मालपोत)** :-यस गाउँपालिका क्षेत्र भित्र भुमीकर(मालपोत) सम्पुर्णमा प्रतिरोपनी जग्गा रु ६को दर ले लगाईने र असुल उपर गरिने छ।

**अनुसुची : ३**

ऐनको दफा ४ सँग सम्वन्धित

**४ घर वहाल कर :**

गाउँपालिकाको आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल कर दुई प्रतिशत लगाईने र असुल उपर गरिने छ ।

गाउँपालिकाकोआफ्नो क्षेत्रमा आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए बापत प्रति बर्गफुट मासिक बहाल बिटौरी रु. २।-लगाईने र असुल उपर गरिने छ ।

**अनुसुची ४**

ऐनको दफा ५ सँग सम्वन्धित

**५ व्यावसाय कर :-**

यस गाउँपालिका भित्र का विभिन्न व्यावसायिक संस्था हरु वाट निम्न वमोजिकको व्यावसायिक कर लगाईने र असुल उपर गरिने छ ।

| क्र.सं | व्यापारिक बस्तुको नाम | **आ.व. ०७४।७५** | कैफियत |
|---|---|---|---|
| | | कायम दर रु | |
| १ | रेडिमेड कपडा पसल | २००० | |
| २ | निर्माण सामाग्री हार्डवेयर पसल | २५०० | |
| ३ | डान्स, फिजिकल फिटनेस सेन्टर | ५०० | |
| ४ | पर्यटक रिसोर्ट | ५००० | |
| ५ | सिलाई कटाई तथा टेलरिङ सेवा | ९०० | |
| ६ | कुखुरा, बाख्रा, गाई तथा अन्य पशुजन्य तथा फलफुल फर्म तथा व्यवसाय | ५०० | |
| ७ | स्टेशनरी | १५०० | |
| ८ | राष्ट्रिय गैर सरकारी संस्था | २००० | |
| ९ | होडिङ्ग बोर्ड | १०००-३००० | |
| १० | लघु तथा घरेलु उद्योग | १५००-२००० | |
| ११ | होटल एण्ड लज व्यावसाय | २५००-३५०० | |
| १२ | क्यान्टीन व्यावसाय | १००० | |

| | | | |
|---|---|---|---|
| १३ | साना चिया पसल | ५०० | |
| १४ | साना किराना पसल | ५०० | |
| १५ | **कुटानी पिसानी मिल** | | |
| | कुटानी पिसानी मात्र | १००० | |
| | कुटानी पिसानी पेलानी चिउरा समेतको मिल | १५०० | |
| १६ | फर्निचर काठ मिल/बन स. | ३५००-५००० | |
| १७ | चिया उद्योग | ३५००-५००० | |
| १८ | कपडा /जुत्ता चप्पल | २५०० | |
| १९ | किराना /जुत्ता चप्पल | २५०० | |
| २० | किराना तथा होटल | २००० | |
| २१ | भाडा पसल | २५०० | |
| २२ | पुस्तक तथा किराना पसल | २००० | |
| २३ | होल सेल ठुलो किराना पसल | ३५०० | |
| २४ | सुन पसल | २५००-४००० | |
| २५ | एग्रो भेट | १००० | |
| २६ | औसधी पसल | १५०० | |
| २७ | कस्मेटिक | १५०० | |
| २८ | विद्युतिय सामाग्री | १५०० | |
| २९ | तरकारी तथा मासु पसल | ५०० | |
| ३० | मासु पसल | ५०० | |
| ३१ | **सहकारी संस्था** | | |
| | वचत तथा ऋण सहकारी | १५०० | |
| | वहुउद्देश्यीय सहकारी | १५०० | |
| | कृषि सहकारी | ५०० | |

| | | | |
|---|---|---|---|
| ३२ | कुखुरा फर्म | ५०० | |
| ३३ | माछा फर्म | ५०० | |
| ३४ | शीत भण्डार तथा दुग्ध चिस्यान केन्द्र | १००० | |
| ३५ | कुरियर सेवा | २०० | |
| ३६ | नेपाल सरकारको पुर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने बाँणिज्य बैङ्क | १०००० | |
| ३७ | वित्तीय कम्पनी शाखा कार्यालय | १००० | |
| ३८ | वीमा कम्पनी | १००० | |
| ३९ | विदेशी मुद्रा सटही | १००० | |
| ४० | आइ एम इ सन्चालन | १००० | |
| ४१ | रेमिटेन्स व्यावसाय | १००० | |
| ४२ | **शिक्षा सेवा** | | |
| | क) निजी क्षेत्रका स्कुल, कक्षा नर्सरी देखी ३ सम्मा | २००० | |
| | ख निजी क्षेत्रका स्कुल कक्षा ३ देखी माथी ८ सम्म | ५००० | |
| | ग निजी क्षेत्रका स्कुल कक्षा ९ देखी १२ सम्म | ८००० | |
| | घ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | ५००० | |
| ४३ | **स्वास्थ्य सेवा** | | |
| | क्लिनिक तथा ल्याब तथा औषधी पसल | ३००० | |
| ४४ | **मर्मत सेवा** | २५०० | |
| | रेडियो, टिभी, घडी, प्रेसरकुकर, हिटर, टेलिफोन सेट, विधुतिय सामग्री मर्मत केन्द्र | २५०० | |
| ४५ | ब्युटिपार्लर, केश श्रृंगार, ड्राइ क्लिनर्स, फोटो स्टुडियो, सिलाई आदि | १५०० | |
| | केबुल नेटवर्किङ (ग्राहक संख्याको आधारमा) | २००० | |

अस्थाई हाट बजार वा घुम्ती पसल : अस्थायी हाटबजारमा वा घुम्ती पसल राखी गरिने देहायको व्यवसायमा पटके रुपमा देहाय बमोजिम व्यवसाय कर :

- ❖ घुम्ती कपडा पसल ५०० रुपैया
- ❖ चौपाया प्रति गोटा ५० रुपैया
- ❖ हाँस, कुखुरा आदि प्रति गोटा १० रुपैयाँ
- ❖ साग सब्जी र फलफुल पसल ५ रुपैयाँ

❖ सिरक डसना वनाउने रु २००

माथिको वर्गिकरणमा समाबेश नभएका सेवा, व्यवसायको कारोबार र स्तर हेरि  बार्षिक नियमानुसार अधिकतम दररेट कायम गरिने छ।

**५.क**)तपसिल वमोजिम का व्यावसायको तपसिल वमोजिमको दर कायम गरिने छ ।

| क.स | सवारी साधन | पटके | मासिक | |
|---|---|---|---|---|
| १ | ट्याक्टर | ५० | ७०० | |
| २ | ट्याक्सी | ५० | ७०० | |
| ३ | वस | १०० | | |
| ४ | ट्रक आदि | १५० | | |
| ५ | मिनी वस | ५० | | |
| ६ | निजी सवारी साधन | ५० | | |

**अनुसुची : ५**

ऐनको दफा  ६  सँग सम्वन्धित

**६ जडीवुटी जिवजन्तु कर :-**

गाउँपालिका क्षेत्रभित्र कुनै व्याक्ती वा संस्थाले उन खोटो जडिवुटी वनकस कवाडी माल र प्रचलित  कानुन ले निषेध गरिएको जिवजन्तु वाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड सिङ प्वाख छाला जस्ता वस्तुको व्यावसायिक कारोवार गरेवापत प्रचलित मुल्य वमोजिम प्रदेश सरकार र संघिय सरकारको  निर्णय वमोजिम लगाईने र असुल उपर गरिने छ।

**अनुसुची ६**

ऐनको दफा  ७  सँग सम्वन्धित

**७ सवारी साधन कर :-**

गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनामा तोकिए वमोजिम सवारी साधन कर लगाईने छ र असुल उपर गरिने छ।

## अनुसुची ७

ऐनको दफा ८ सँग सम्वन्धित

**८ विज्ञापन कर :-** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा तोकएिवमोमि कर लागाईने छ र असुल उपर गरिने छ ।

## अनुसुची ८

ऐनको दफा ९ सँग सम्वन्धित

**९ मनोरन्जन कर :-**

गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यावसाय सेवामा तोकिए वमोजिम कर लगाईने र असुल उपर गरिने छ ।

## अनुसुची ९

ऐनको दफा १० सँग सम्वन्धित

**१० वहाल विटौरी शुल्क :-**

गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण ,रेखदेख वा संचालन गरेका हाट वजार वा पसलमा निम्न वमोजिम अनुसार वहाल विटौरी शुल्क लगाईने र असुल उपर गरिने छ ।

मोराहाङ्ग वजारविहिवारे हाट को र तपसिल वमोजिम का व्यापारी सँग तपसिल वमोजिम को दररेट वमोजिम सुल्क लगाईने र असुल उपर गरिने छ ।

| क्र.सं | व्यापारिक बस्तुको नाम | **आ.व. ०७४।७५** | कैफियत |
|---|---|---|---|
| | | कायम दर रु | |
| १ | कपडा पसल आदिको थोक तथा खुद्रा व्यापारमा | १०० | |
| २ | माछा मासु व्यापारी | १०० | |
| ३ | कस्मेटिक | ५० | |
| ४ | मसला | ५० | |

| | | | |
|---|---|---|---|
| ५ | फलफुल | १० | |
| ६ | टर्च लाईट लगायत इलेक्ट्री सामान विक्री | १०-२० | |
| ९ | कुखुरा, | १० | |
| १० | सुगुर पाठा | ५० | |
| ११ | अन्न विक्रेता | १०-२० | |
| १२ | तरकारी | ५ | |
| १३ | विउ विजन विक्रेता | १० | |

आफ्नो क्षेत्रमा आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए बापत प्रति बर्गफुट मासिक बहाल बिटौरी रु. २।-

**अनुसुची १०**

ऐनको दफा ११ सँग सम्वन्धित

**११. पार्किङ शुल्क :-**

गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत निम्न वमोजिम सवारी साधन कर लगाईने छ र असुल उपर गरिने छ।

१ वस रु ५०

२ ट्याक्सी रु ३०

३ ट्याक्टर रु ५०

**अनुसुची ११**

ऐनको दफा १२ सँग सम्वन्धित

**१२ ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क** :

गाउँपालिका मा आफ्नो क्षेत्रभित्र ट्रकिङ्ग कायोकिङ क्यानोईङ्ग बन्जी जम्पिङ्ग जिपफ्लायर र र्याफ्टीङ्ग सेवा वा व्यावसाय संचालन गरेवापत तोकिए वमोजिमको शुल्क लगाईने र असुल उपर गरिने छ।

**अनुसुची १२**

ऐनको दफा १३ सँग सम्वन्धित

**१३. सेवा सुल्क , दस्तुर**

यस गाउँपालिका ले निर्माण संचालन र व्यावस्थापन गरेका स्थानिय पुर्वाधार र उपलब्ध गराईएको सेवामा निम्न अनुसार को सेवा सुल्क लगाईने र असुल उपर गरिने छ ।

**क. दस्तुर :**

| सि..नं | दस्तुर | आ.व. ०७४।७५ | कैफियत |
|---|---|---|---|
| | | कायम रकम | |
| १ | बंशजको आधारमा नागरिकता शिफारिस | १०० | |
| २ | नाम छुट तथा सनाखत नागरिकता शिफारिस | २०० | |
| ३ | वैवाहिक अंगिकृत नागरिकता शिफारिस | ५०० | |
| ४ | नाता प्रमाणित | २०० | |
| ५ | प्रतिलिपि नगारिकता सिफारिस | ३०० | |
| ६ | नाम,थर,जन्म मिति,ठेगाना,प्रहरि रिपोर्ट,साथै जातियता सम्बन्धि सिफारिस | २०० | |
| ७ | घर जग्गा तथा पेन्सन नामशारि सिफारिस | ५०० | |
| ८ | सम्बन्ध बिच्छेद शिफारिस | १००० | |
| ९ | पानि, बिद्युत,टेलिफोन जडान सम्बन्धि सिफारिस | २०० | |
| १० | बिद्यालय स्तर बृद्धि सिफारिस | १५०० | |
| ११ | अंग्रेजि भाषामा सिफारिस वा अंग्रजिमा रुपान्तरण | ५०० | |
| १२ | चार किल्ला प्रमाणित | ३०० | |
| १३ | मेला ,उत्सब ,महोत्सब लगाउने सिफारिस | २००० | |
| १४ | १ रोपनी भन्दा कम जग्गा प्लटिङ गर्नको लागि सिफारिस | १२०० | |
| १५ | १ देखि ३ रोपनी सम्म जग्गा प्लटिङ गर्नको लागि सिफारिस | ३५०० | |
| १६ | ५ रोपनी भन्दा बढि जग्गा प्लटिङ गर्नको लागि सिफारिस | ६००० | |
| १७ | संघ सस्था दर्ताको लागि सिफारिस | १००० | |
| १८ | अन्य बिषेश प्रकृतिका सिफारिस | ५०० | |
| १९ | नक्सा प्रमाणित प्रतिपेज | १० | |
| २० | जन्म प्रमाणित | २०० | |
| | मृत्यु प्रमाणित | १०० | |
| | बिवाह प्रमाणित | २०० | |
| | अविवहित प्रमाणित | २०० | |

| | | | |
|---|---|---|---|
| २१ | मोहिलागत कट्टाको सिफारिस | ५०० | |
| २२ | घरजग्गा करको लेखाजोखा गरि सिफारिस | २०० | |
| २३ | व्यापार व्यावसाय वन्द भएको  सन्चालन नभएको वा व्यापार व्यावसाय हुदै  नभएको सिफारिस | ३०० | |
| २४ | निसुल्क वा स सुल्क स्वस्थ्य उपचारको सिफारिस | - | |
| २५ | पुर्जामा घर कायम गर्ने सिफारिस | ५०० | |
| २६ | फरक फरक नाम थर जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्याक्ती एकै हो भन्ने सिफारिस | २०० | |
| २७ | नामथर वा जन्ममिति संसोधनको सिफारिस गर्ने | १५०० | |
| २८ | जग्गा धनि प्रमाण पुजा हराएको सिफारिस गर्ने | २०० | |
| २९ | कित्ता काट गर्ने सिफारिस | २०० | |
| ३० | जग्गाको हक सम्वन्धमा सिफारिस | ५०० | |
| ३१ | सर्जमिन प्रमाणित | ५०० | |
| ३२ | उद्योग ठाउँसारीको सिफरिस | ५०० | |
| ३३ | जिवित रहेको सिफारिस | ३०० | |
| ३४ | विद्यालय खोल्न सिफारिस | १०००० | |
| ३५ | विद्यालय को कक्षा थप गर्ने सिफारिस | ५००० | |
| ३६ | विद्यालय ठाउँसारी गर्न सिफारिस | १०००० | |
| ३७ | पालन पोषणको लागि सिफारिस | २०० | |
| ३८ | वार्षिक अम्दानी प्रमाणित annual income | प्रति हजार रु १ | |
| ३९ | नावालक परिचय पत्र सिफारिस | १०० | |
| ४० | अपाङ्ग परिचय पत्र सिफारिस | ५० | |
| ४१ | **घर वाटो सिफारिस** | | |
| | घर वाटो नभएको सिफारिस | २०० | |

| | | | |
|---|---|---|---|
| | घरवाटो भएको सिफारिस | ६५० | |
| | पुर्जा मा घर भएको तथा फिल्डमा नभएको सिफारिस | ५०० | |
| ४२ | वाटो कायम नेपाल सरकारको नाममा | १०० | |
| ४३ | संस्था नविकरण | २०० | |
| ४४ | संस्था दर्ता सिफारिस | ५०० | |
| ४५ | हकदार प्रमाणित सिफारिस | २०० | |
| ४६ | स्थायी /अस्थाइ वसोवास प्रमाणित | २०० | |
| ४७ | एका घरका संगोलमा रहेका सिफरिस | ५०० | |
| ४८ | तिन पुस्ते प्रमाणित | ३०० | |
| ४९ | फरक फरक अग्रेजी हिज्जे प्रमाणित | ३०० | |
| ५० | सडक खन्ने स्वीकृति | १००० | |
| ५१ | आन्तरिक वसाई सराई | १०० | |
| ५२ | गैर नाफा मुलक संस्था दर्ता | २०० | |
| ५३ | छात्र वृति सिफारिस | १०० | |
| ५४ | भारतिय तथा व्रिटिस गोर्खा सैनिक को नागरिकतामाा नाम जन्म मिति सच्याउने सिफारिस | १५०० | |
| ५५ | भारतिय तथा व्रिटिस गोर्खा सैनिक को पारिवारिक विवरण रहल पहल सिफारिस तथा पेन्सन नामसारी सिफारिस | १००० | |
| ५६ | जन्म दर्ता | ५० | |
| ५७ | विवाह दर्ता | २०० | |
| ५८ | वसाईसराई | ५०० | |
| ५९ | मृत्यू दर्ता | ५० | |
| ६० | सम्वन्ध विच्छेद | १००० | |
| ६१ | व्याक्तीगत घटना दर्ता प्रतिलिपि | ५०० | |
| ६२ | संघ संस्था सिफारिस | १०० | |

| | | | |
|---|---|---|---|
| ६३ | मदिरा उद्योग सिफारिस | ३००० | |
| ६४ | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | १००० | |
| ६५ | आर्थिक अवस्था कमजोर वा विपन्नता  सिफारिस | ० | |
| ६६ | कोर्ट फि मिनाहा सिफारिस | १०० | |
| ६७ | चौपाय सम्वन्धी सिफारिस | २०० | |
| ६८ | व्यावसाय दर्ता सम्वन्धी सिफारिस | ५०० | |
| ६९ | व्यावसाय दर्ता | वर्गीकरण अनुसार | |
| ७० | व्यावसाय नविकरण | वर्गीकरण अनुसार | |
| ७१ | जग्गा दर्ता सिफारिस | ५०० | |
| ७२ | खानेपानी मुल दर्ता | १००० | |
| ७३ | घरेलु साना उद्योग दर्ता | ५०० | |
| ७४ | उद्योग दर्ता सिफारिस | ५००० | |
| ७५ | रुख कटान सिफारिस (उतिस) प्रतिरुख | ३० | |
| ७६ | रुख कटान सिफारिस (चिलाउने,सल्ला) प्रति रुख | ४० | |
| ७९ | रुख कटान सिफारिस (खयर, साल,पात्ले , ) प्रति रुख | ४० | |

**सामुदायिक बनका वा सार्बजनिक संस्थाका रुख कटान गर्नु पर्दा माथि उल्लेखित दरको दोब्बर  लाग्ने छ।**

**ख . टिकट तथा निवेदन दस्तुर**

| | | | |
|---|---|---|---|
| १ | साधारण निवेदन दर्ता | १० | |
| २ | सिफारीस माग निवेदन दर्ता | १० | |
| ३ | कोटेशन टेन्डर दर्ता | ५०० | |
| ४ | मुद्धा,उजुरी निवेदन दर्ता | १००-३०० | |
| ५ | तारेक,मिलापत्र एवम् सहमति | २०० | |
| ६ | सम्बन्ध विच्छेद निवेदन दर्ता | १००० | |
| ७ | भवन निर्माण तथा नक्सा पास निवेदन दर्ता | ५०० | |
| ८ | मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस | २०० | |

| **ग. घर नक्सा पास दस्तुर** | | | |
|---|---|---|---|
| १ | कम्पाउण्ड वाल प्रति रनिङ फिट | १ | |
| २ | कच्ची घर प्रति वर्ग फिट ग्रामिण क्षेत्र | १ | |
| ३ | लोड वाइरिङ घर प्रति वर्ग फिट (कच्चीसडक) | ३ | |
| ४ | आ.सि.सि.घर प्रति वर्ग (कच्ची सडक) | ४ | |
| ५ | आ.सि.सि.घर प्रति वर्ग (पक्की सडक) | ५ | |
| ६ | लोड वाइरिङ घर प्रति वर्ग फिट (पक्की सडक) | ४ | |
| ७ | नक्सा संसोधन साबिक माथि २० प्रतिसत थप | | |

| | | | |
|---|---|---|---|
| ८ | हरित आवास गृह निर्माण गर्नेको लागि लाग्ने दस्तुरको ४० प्रतिसत छूट | | |
| ९ | लेआउट प्रति बर्ग फुट | १ | |

| **घ. आय श्रोत तथा चल/अचल सम्पत्ती मूल्यांकन** | | | |
|---|---|---|---|
| १ | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस १० लाख सम्म | १००० | |
| २ | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस २० लाख सम्म | २००० | |
| ३ | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस ३० लाख सम्म | ३००० | |
| ४ | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस ५० लाख सम्म | ५००० | |
| ५ | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस ५० लाख भन्दा माथि प्रत्येक १० लाख थप | २००० | |

**अनुसुची १३**

ऐनको दफा १४ सँग सम्वन्धित

**१४ पर्यटन सुल्क :-**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट तोकिए वमोजिम दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।